D. A.O (Parsa)–1058/2064 S.W.C. (KTM)-24134/2064

Press Release / प्रेस विज्ञप्ती

For immediate release

Sano Paila (A Little Step)

Mr. Subir Kr. Ghosh,
Head of Communication
T: +977 51-522203 M: +977 9804209548 E: sanopaila@gmail.com

## तराईं मधेस आन्दोलनमा बढ्दो बालबालिकाको हत्या, बाल अधिकार तथा मानवअधिकार हननको भत्सना

**वीरगञ्ज, २६ भदौः** आन्दोलनमा बालबालिकाको प्रयोग र उनीहरु माथि राज्यको ज्यादती मानव अधिकारको अन्तराष्ट्रिय मान्यता विपरित मात्र छैन गम्भीर अपराध समेत हो । शुक्रबार जनकपुर प्रदर्शनका क्रममा सुरक्षा फौजको गोली प्रहारबाट नावालिग सिनुजोरा गाविसका दिलिप यादव र धनुषा जमुनियाका नवयुवा निकु यादवको मृत्यु भएको घटना प्रति सानोपाइलाको गम्भीर आपत्ती रहेको छ । देशमा मानव अधिकारको अवस्थाको अनुगमन गर्ने संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोलीले फौजले ज्यादती गरेको ठहर सहित फौज फिर्ता गर्न सरकारलाई आग्रह गरिरहेका बेला यसरी नावालिगहरुको हत्या हुनु अति नै निन्दनीय कार्य रहेको सानो पाइलाको ठहर हो । प्रदर्शन हिंसात्मक भए मात्र चरणवद्धरुपमा बल प्रयोग गर्दै जाने अन्तराष्ट्रिय मान्यता विपरीत प्रदर्शनकारीलाई नियन्त्रणमा लिएर टाउकोमा गोली प्रहार गर्नु कुनै पनि कोणबाट शान्ति सुरक्षा कायम गर्ने घटना हुन सक्दैन ।

तराई मधेशमा आन्दोलनको सुरुवात देखिनै सानो पाइलाले स्वतन्त्र अनुगमन तथा अवलोकन गरिरहेको सबैमा विदित्तै छ । सानो पाइलामा आवद्ध दुई दर्जन युवाले ज्यान नै जोखिममा राख्दै पर्सा, वारा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही र सप्तरीमा अनुगमन र अवलोकन गरिरहेका छन् ।

सानो पाइलाले आन्दोलनमा बालबालिकाको प्रयोग विरुद्ध आवाज उठाउँदै आएको छ । विरोध प्रदर्शनमा बालबालिकाको व्यापक प्रयोग हुँदै गएको र प्रदर्शनमा बालबालिका समेत घाइते भएको पाइएकोमा हाल बालबालिकाकै हत्या हुनुले हामीलाई निकै मर्माहित र गम्भीर बनाएको छ ।

आन्दोलनका कुनै पनि कार्यक्रममा बालबालिकालाई सहभागी गराउनु बालअधिकार सम्बन्धी महासन्धि विपरीतको कार्य भएको र यसो गर्नु गराउनु बालअधिकार विरुद्धको गम्भीर अपराध समेत हो । प्रदर्शनमा प्रयोग भएका बालबालिकाको मानव अधिकार र जीवन रक्षा गर्नु राज्यको महत्वपूर्ण दायित्व हो ।

सानो पाइलाका प्रमुख कार्यकारी अधिकृत कञ्चन झाले यसरी आन्दोलनकारी भन्दै बालबालिकाको हत्या हुनुले उनीहरुको अधिकार भन्दा ज्यान नै जोखिममा रहेको निष्कर्षमा संस्था पुगेको बताए । उनले यसरी बालबालिकाको प्रयोग र हत्याको क्रम नरोकिए संस्थाले अन्तराष्ट्रिय निकाय गुहार्नु पर्ने अवस्था आउन सक्ने भन्दै सबैलाई सचेत र सजग रहन आग्रह गरे। प्रदर्शनमा बालबालिकाको प्रयोग नगर्न, विद्यालयमा पठनपाठन पुनः सञ्चालन गर्ने वातावरण सिर्जना गर्न तथा अस्पताल तथा स्वास्थ्य केन्द्र निर्वाध रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्न सानो पाइला सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गर्दछ ।

समुदायको विकासमा करिब एक दशक देखि कृयाशील सामाजिक संस्था सानो पाइला अहिले मधेशमा विभेद, आत्मसम्मान र अधिकार प्राप्तीका लागि भइरहेको शान्तिपूर्ण आन्दोलनमा नैतिक समर्थन जनाउँछ । साथै आफ़्ना मागको सम्बोधनका लागि शान्तिपूर्ण रुपमा भइरहेको धर्ना, जुलुस र आमरण अनसन जस्ता अहिंसामुखी आन्दोलनका कृयाकलापमा हाम्रो पूर्ण समर्थन र विश्वास रहदै आएको छ । जनकपुर घटनाका विषयमा सानो पाइला आवद्ध अनुगमन टोलीले अनुगमन तथा अनुसन्धान गरिरहेको संञ्चार प्रमुख सुविर घोषले जानकारी दिएका छन् ।